ब्याँस गाउँपालिकाको आठौं गाउँसभाका सभाध्यक्ष ज्यु

गाउँसभाका सदस्य ज्युहरु

नेपाली जनताको सात दशक लामो त्याग तपस्या र संघर्षपूर्ण बलिदान बाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुरुप अहिले देशमा तीन तहका सरकार रहेका छन् । संविधानले तिनै तहकासरकार लाई दिईएको अधिकार लाई दृष्टिगत गर्दा जनताको नजिकको सरकारको रुपमा स्थानीय सरकारलाई स्थापित गरेको छ । संविधानले केन्द्रीकृत राज्य व्यवस्थालाई विकेन्द्रीकरण गर्दै राज्यशक्तिको पहुँच भन्दा टाढा रहेका वर्ग,जातजाती र समुदायलाई समेत समेटेर समानुपातिक समावेशी विकास गरी समाजवादको लक्ष्य पुरा गर्न तीन तहका सरकारको परिकल्पना गरेको हो ।

गाउँघरको सिंहदरबारका रुपमा रहेको स्थानीय सरकार जनताको नजिकको सरकार भएकाले जनताको अपेक्षा स्थानिय सरकारसंग बढी हुन पनि स्वभाविक हो । तर गाउँपालिकाको सीमित स्रोत साधनबाट जनताका असिमित आवश्यकता,जनजिविका सित गाँसिएका समस्याको समाधान गर्न असहज असहज हुदाँहुदै पनी गाउँपालिकाले आफ्नो प्रमुख दायित्वको रुपमा लिएको छ। गाउँपालिकासंग रहेका सीमित स्रोत साधनको दीर्घकालिन सोच सहित न्यायोचित रुपमा अधिकतम परिचालन गर्दै जनभावनाको कदर गरी जनताका आवश्यकताहरु सम्बोधन र समाधान गर्ने संकल्प र योजना सहित ब्याँस गाउँपालिका अगाडि बढिरहेको छ ।

विभिन्न चुनौतीहरुको सामना गर्दै समृद्ध ब्याँस निर्माणको अभियानमा ब्याँस गाउँपालिका लम्किरहदाँ विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस ले विकास निमार्णका काममा थुप्रै बाधा एवं चुनौती सिर्जना गरेको छ भने कोरोना महामारीकै कारण विश्व अर्थतन्त्र प्रभावित भएको छ । कोरोनाकै कारण विश्वभरि लाखौ मानिसले ज्यान गुमाएका छन् भने

नेपालमा मात्रै हजारौले ज्यान गुमाएको छ । कोरोना संक्रमणका कारण ज्यान गुमाउनु हुने सम्पुर्णमा हार्दिक श्रद्धा–सुमन व्यक्त गर्दै उपचाररत रहनु हुने सम्पूर्णको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछुँ । कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि अग्रमोर्चामा खटिनुहुने स्वास्थ्यकर्मी,सुरक्षाकर्मी लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी प्रति उच्च संमान व्यक्त गर्दछु ।

## सभाध्यक्ष महोदय

अब म सम्मानित गाउँसभा समक्ष आर्थिक बर्ष २०७८/०७९ को लागि निर्धारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न स्रोत परिचालनको लागि गरिएको प्रबन्ध प्रस्तुत गर्न चाहन्छुँ ।

निर्धारित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक खर्च व्यहोर्ने स्रोत अन्तरर्गत संघीय वित्तीय समानिकरण अनुदानबाट ९ करोड ७लाख,संघीय सशर्त अनुदानबाट १४ करोड ६२ लाख,संघीय राजस्ववाँडफाँडबाट ७ करोड ६ लाख ५७ हजार,प्रदेश समानिकरण अनुदानबाट ६३ लाख ७८ हजार,प्रदेश राजस्व वाडँफाँड तथा सवारीसाधन करबाट १६ लाख ३० हजार,संघीय बिशेष अनुदानबाट २ करोड २४ लाख,संघीय समपुरक अनुदानबाट १ करोड ८८ लाख,प्रदेश बिशेष अनुदान बाट २५ लाख,प्रदेश समपुरक अनुदानबाट ९९ लाख ९६ हजार,आन्तरिक आय २५ लाख र चालु आ.ब अनुमानित मौजुदा रकम २ करोड ९० लाख संचित कोषमा प्राप्त भई खर्च व्यहोर्ने गरी रु.४० करोड १५ लाख २४ हजार ४७६ यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गरेको छुँ ।

सभाध्यक्ष महोदय

यस सम्मानित गाउँसभा समक्ष अब मबजेटकोव्यय अनुमान प्रस्तुत गर्न चाहन्छुँ।

समाजिक बिकास तर्फ

सबै नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा पुर्‍याएर गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य क्षेत्र तर्फ जम्मा रु.२ करोड ६८ लाख विनियोजन गरेको छु । जस अन्तर्गत

- आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद गर्न रु.११ लाख ५० हजार बिनियोजन गरेको छुँ ।
- उपचार सेवा अन्तर्गत रु.३ लाख ५० हजार विनियोजन गरेको छुँ ।
- कोभिड महामारीमा खटिएका महिला स्वास्थ्य स्वयंमसेविकाहरु प्रति उच्च सम्मान व्यक्त गर्दै महिला स्वयंमसेविकाकोहरुका लागि पोशाक प्रोत्साहन्,यातायात खर्च,बार्षिक समीक्षागोष्ठि र दिवस मनाउन रु.८ लाख विनियोजन गरेको छुँ ।

मातृ शिशुमृत्युदर शुन्य बनाई स्वस्थ्य बालक सुरक्षित कार्यक्मका लागि रु.४४ लाख विनियोजन गरेको छुँ ।

जस अन्तर्गत

- मातृ तथा नवशिशु स्याहार कार्यक्रम अन्तर्गत आमा सुरक्षा,गर्भवती उत्प्रेरणा सेवा,न्यानो झोला र निशुल्क गर्भपतनका लागि रु.११ लाख बिनियोजन गरेको छुँ ।

- मातृ तथा नवजातशिशु कार्यक्रम का लागि रु.१८ लाख ८२ हजार बिनियोजन गरेको छुँ ।
- सि.बि.आई.एम.एन.सिआई onsite कोचिङ र समता तथा पहुँच कार्यक्रमका लागि रु.२ लाख बिनियोजन गरेको छुँ।
- पोषण कार्यक्रमका लागि रु.३ लाख ७२ हजार विनियोजन गरेको छुँ ।
- परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागि रु.३ लाख ८४ हजार विनियोजन गरेको छुँ ।
- कोभिड १९ विरुद्ध खोप अभियान सञ्चालन,पालिकास्तरीय समीक्षा तथा योजना र पालिका तथा स्वास्थ्य संस्था स्तरीय सुपरिवेक्षणका लागि रु.१ लाख ३२ हजार विनियोजन गरेको छुँ ।
- पालिका स्तरमा टाईफाईड खोप अभियान सञ्चालन तथा नियमित खोप सुद्धढीकरण र सरसफाई प्रबन्धको लागि पालिका र वडा खोप समन्वय समिति र सरोकारवालाको अभिमुखीकरणका लागि रु.१ लाख ४८ हजार विनियोजन गरेको छुँ ।
- पालिका स्तरमा खोप र सरसफाई प्रबद्धन कार्यक्रमको समीक्षा,सुक्ष्म योजना अध्यावधिक र पालिका खोप समन्वय समितिको अभिमुखीकरण कार्यका लागि रु.१ लाख ८२ हजार विनियोजन गरेको छुँ ।
- क्षयरोग नियन्त्रणका लागि २ लाख विनियोजन गरेको छुँ ।
- स्वास्थ्य सुचना साथै आइ एम यु सुदृढिकरण कार्यक्रम रु.२ लाख विनियोजन गरेको छु ।
- विद्यालय स्वास्थ्य शिक्षा आमा समूह तथा महिला स्वास्थ्य स्वयंम् सेविकाहरुका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रमका लागि रु.१ लाख विनियोजन गरेको छुँ ।

- महामारी रोकथाम तथा नियन्त्रणका लागि रु.२ लाख विनियोजन गरेको छुँ ।
- समृद्ध ब्याँस निमार्ण हाम्रो ईच्छा,,ब्याँसमा सर्वसुलभ गुणस्तरीय र जीवनउपयोगी शिक्षा भन्ने अभियान अन्तरर्गत ब्याँसको शैक्षिकस्तर माथि उठाउन,शिक्षक विद्यार्थीको सर्वाङगीण विकास गरीब्याँस गाउँपालिका लाई शिक्षित गाउँपालिका बनाउन शिक्षा क्षेत्रमा जम्मा ७ करोड ७० लाख बिनियोजन गरेको छु ।

जस अन्तरर्गत

- आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक,राहत अनुदान शिक्षककोलागि तलब भत्ताका लागि रु.५ करोड ११ लाख बिनियोजन गरेको छु ।
- माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक,राहत अनुदानका शिक्षकको तलब भत्ताका लागि रु. ६८ लाख बिनियोजन गरेको छु ।
- प्रारभिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापनका लागि रु.४४ लाख ८५ हजार विनियोजन गरेको छु र सोधभर्ना हुने गरी रु.३ लाख २३ हजार विनियोजन गरेको छु ।
- सामुदायीक विद्यालयका विद्यार्थिका लागि पाठ्यपुस्तक खरिद गर्न रु. १७ लाख २७ हजार विनियोजन गरेको छु र सोध भर्ना हुने गरी रु. १ लाख २६ हजारको व्यवस्थापन गरेको छु ।
- विद्यालय व्यवस्थापन अनुदानका लागि रु.१३ लाख २४ हजार विनियोजन गरेको छु रसोधभर्ना हुने गरी रु.९६ हजारको व्यवस्था गरेको छु ।

- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्सान अनुदानका लागि रु.२३ लाख २० हजार विनियोजन गरेको छु र सोधभर्ना हुने गरी रु.१ लाख ७० को व्यवस्था गरेको छुँ ।
- किशोरी स्वास्थ्य सुरक्षा कार्यक्रम अन्तरर्गत सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानेटेरी प्याड व्यवस्थापनका लागि रु.७ लाख ६७ हजार र सोध भर्ना हुने गरी ५६ हजारको व्यवस्था गरेको छु ।
- प्रति विद्यार्थि लागतका आधारमा शिक्षणसिकाई सामग्री एवं कक्षा ८ को व्यवस्थापन खर्चका लागि रु.६६ हजार विनियोजन गरेको छु र सोधभर्ना हुने गरी रु.९ हजार ४० को व्यवस्थागरेको छु ।
- मा.वि तह (९ –१०)मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान का लागि बजेटको व्यवस्था गरेको छु ।
- कोभिड १९ का कारण उत्पन्न परिस्थीतिमा सिकाई सहजिकरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विद्यार्थि संग गाउँपालिका अध्यक्ष कार्यक्रम अन्तरर्गत सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थिका लागि आवश्यक छात्रवृति रकम को व्यवस्था गरेको छु ।
- सफा स्वच्छ स्वस्थ्य बाबुनानी,,विद्यालयमा खानेपानी कार्यक्रम सरसफाई योजना निमार्ण मर्मत सम्भार गरि पोषण सुधार कार्यक्रम संञ्चालन गर्न रु.८ लाख विनियोजन गरेको छु ।
- पोषण संवेदनशिल क्षेत्रका कार्यक्रम र पोषण विशेष कार्यक्रम संञ्चालनका लागि रु.३ लाख चौध हजार ९ सय १० विनियोजन गरेको छु ।
- पोषण सुधारका लागि विपन्न समुदायका महिलाहरुको आय आर्जन सुधार कार्यक्रमको लागि रु.६ लाख ९ हजार विनियोजन गरेको छु ।

- गाउँपालिका माथहत रहेका राष्ट्रसेवक करार कर्मचारीको पारिश्रमिक वृद्धि गरी सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारीता ल्याउने लक्ष्य लिएको छु । जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## सभाध्यक्ष महोदय

यस सम्मानित गाउँसभा समक्ष अब म आर्थिक विकास तर्फको व्यय अनुमान प्रस्तुत गर्न चाहान्छु।

समृद्ध ब्याँस निमार्णको आधार,दिगो र गुणस्तरिय पुर्वाधार भन्ने नाराका साथ ब्याँस गाउँपालिकाको भौतिक क्षेत्रको विकास गर्दै गरिबि न्यूनिकरणगरी रोजगारिका अवशर सिर्जना गर्न तपशिल बमोजिमको कार्यक्रम तथा योजनाको लागि तपसिल बमोजिमको रकमको व्यवस्था गरेको छु ।

- सडकको पहुँच भन्दा टाढा रहेका गाउँवस्तिलाई सडक संञ्जाल संग जोड्न दार्चुला तिंकर सडक देखी तल्लो फत्तङगाड हुदै राप्ला जोड्ने सडक निमार्णका लागि रु.३ करोड ६६ लाख विनियोजन गरेको छु ।
- राप्ला खानेपानी निमार्णका लागि रु.५८ लाख विनियोजन गरेको छु ।
- विद्यालयको भौतिक संरचनाको विकास गर्दै शिक्षाको गुणस्तर माथी उठाउने उदेश्यले वडा नं.४ मा रहेको सम्पाल मा.वि को भवन निमार्णका लागि रु.१ करोड ६६ लाख विनियोजन गरिएको छ ।
- ब्याँस गाउँपालिका भित्रका विभिन्न खोला नदीमा झोलुङ्गे पुल निर्माणका लागि रु.५० लाख विनियोजन गरेको छु ।
  जस अन्तरर्गत छाङरु तिंकर नाम्खा खोला,कंगपुस्या देखी बोलिन सम्म झोलुङ्गे पुल निर्माण गरिने छ ।

ब्याँस गाउँपालिका वडा नं.२ को राङथल झोलुङ्गे पुल निर्माण गरिने छ ।

स्रिसाथी खोला,दुम्लीङ,तातोपानी घट्टे खोला ट्रस र गागा झोलुङ्गे पुल निर्माण गरिने छ ।

- ब्याँस गाउँपालिका वडा नं.२ र वडा नं.३ को भवन निर्माण गर्न रु.२ करोड विनियोजन गरेको छु ।
- मेरो पुर्वाधार विकासका लागि मेरो श्रम कार्यक्रम अन्तर्गत ७० हजार दिनको रोजगारी सिर्जना गरी श्रममा आधारीत रोजगारी सिर्जना गरिनेछ ।
- युवाको सिप विकास बेरोजगारीको निकास कार्यक्रम अन्तरर्गत युवा लजना युवालाई उद्यमी बनाउने लक्ष्य लिएको छु ।
- आ.व २०७७/०७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम लाई निरन्तरता दिन रु.१२ लाख विनियोजन गरेको छु ।
- ब्याँस गाउँपालिकाको परम्परागत एवं रैथाने बाली बाट विभिन्न परिकार निर्माण गरि बजारिकरण गर्न  रैथाने बाली प्रवर्द्धन कार्यक्रमका लागि रु.१३ लाख विनियोजन गरेको छु ।
- ब्याँस गाउँपालिका लाई फलफुलमा आत्मनिर्भर बनाउन स्याउ,ओखर पकेट क्षेत्र विकास कार्यक्रमका लागि रु.१२ लाख विनियोजन गरेको छु ।
- आ.ब २०७७/०७८ मा स्थापना भएको बाख्राको साना व्यवसायीक कृषि उत्पादन केन्द्र विकासका लागि रु.७ लाख विनियोजन गरेको छु ।
- मासु मिसन कार्यक्रम अन्तरर्गत बाख्रा पवर्द्धनका लागि रु.१५ लाख विनियोजन गरेको छु ।

- चौरीको दुध बाट विभिन्न परिकार निमार्ण गर्ने तालिम दिई बेरोजगार लाई स्वरोजगार बनाउन चौरी पवर्द्धन कार्यक्रमका लागि रु. १९ लाख ९४ हजार विनियोजन गरेको छु ।
- गरिब लच्छित विशेष कार्यक्रम संञ्चालनका लागि बजेटको व्यवस्था गरेको छु ।
- एक गाउँ एक कृषि पशु प्राविधिक कार्यक्रमका लागि रु.९ लाख विनियोजन गरेको छु ।
- कृषि पशुपन्छी तथ्याङ अद्यावधिक तथा किसान सुचिकरण कार्यक्रमका लागि रु.४ लाख विनियोजन गरेको छु ।
- पञ्जीकरण शाखाको कार्यक्रम संञ्चालन गर्न रु.१६ लाख विनियोजन गरेको छु ।
- टुहुरा बालबालिकाको अभिभावक गाउँपालिका अध्यक्ष कार्यक्रम अन्तरर्गत टुहुरा बालबालिका लाई पोशाक वितरण,जेष्ठ नागरिक सम्मान, बाल बिवाह,बहु बिवाह,जातिय छुवाछुत जस्ता सामाजिक विकृति विसंगति न्यूनिकरण गर्न जनचेतना मुलक कार्यक्रम महिला तथा बालबालिका शाखा मार्फत सञ्चालन हुनेगरी रु.६ लाख विनियोजन गरेको छु ।
- पर्यटनको आगमन मेरो आम्दानी कार्यक्रम अन्तरर्गत ब्याँस ऋषिको तपोभुमीकैलाश मानशरोवर प्रवेशद्धारका रुपमा रहेको ब्याँस गाउँपालिका लाई धार्मीक पर्यटकीय क्षेत्रको रुपमा परिचित गराउने लक्ष्यका साथ धार्मीक पर्यटनप्रवर्द्धन गर्न रु.४५ लाख विनियोजन गरेको छु ।

जस अन्तरर्गत

ब्याँस गा.पा वडा नं.४ मा रहेको भगवति मन्दिर पुर्वाधार निमार्णको लागि रु.१० लाख विनियोजन गरेको छु ।

ब्याँस गाउँपालिका वडा नं.६ मा रहेको लटिनाथ धार्मीक सम्पदा संरक्षणका लागि रु.१० लाख विनियोजन गरेको छु ।
ब्याँस गा.पा वडा नं.६ को ब्रम्हामाण्डौ पदमार्ग निर्माणका लागि रु. २५ लाख विनियोजन गरेको छु ।

- सुरक्षित नागरिक आवास कार्यक्रम संञ्चालन गर्न रु. १९ लाख विनियोजन गरेको छु ।
- उज्यालो ब्याँस अभियान कार्यक्रम संञ्चालन अन्तरर्गत नविकरणीय उर्जा प्रविधि जडान कार्यक्रमका लागि रु.१० लाख विनियोजन गरेको छु ।
- गाउँ कार्यपालिकाको बैठक बाट निर्यण भएका विविध कारणले चालु आ.ब मा भुक्तानी हुने नसकेका योजना तथा कार्यक्रमको भुक्तानीका लागि गाउँपालिकाको चालु आ.ब को मसान्तमा संचित कोषमा जम्मा भएको आन्तरिक श्रोतबाट भुक्तानी हुने व्यवस्था मिलाएको छु ।

# धन्यवाद ।